सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ११ ♦ २०८३ साल असोज २३ शुक्रवार ♦ 9 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## नेपाल पत्रकार महासंघ धनुषाको १४औं साधारणसभा सम्पन्न

### संघीयताले आर्थिक भार बढाएको भन्ने भाष्य गलत : सभामुख यादव







**खबर दर्पण समाचारदाता**

**असोज २२ गते, महेन्द्रनगर**

नेपाल पत्रकार महासंघ धनुषा शाखाको १४औं साधारणसभा सम्पन्न भएको छ। साधारणसभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले संघीयताले आर्थिक भार बढाएको भन्ने भाष्य गलत भएको बताउनुभएको छ।

महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनलाई उद्धृत गर्दै सभामुख यादवले संघीय सरकारका पदाधिकारी तथा कर्मचारीको खर्च र प्रदेशका पदाधिकारी तथा कर्मचारीको खर्चबीचको अन्तरले नै संघीयताबारे फैलाइएको गलत भाष्यलाई खण्डन गर्ने बताउनुभयो। संघीयताको सकारात्मक पक्षबारे सञ्चार क्षेत्रले बहस चलाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपालमा अधिकार प्राप्तिका हरेक आन्दोलनमा सञ्चार जगत्को भूमिका उदाहरणीय रहेको उल्लेख गर्दै सभामुख यादवले संघीयताको संरक्षण र यसको सकारात्मक पक्षबारे जनतालाई सुसूचित गर्न सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

पछिल्लो समय सञ्चार क्षेत्रमाथि चुनौती थपिएको उल्लेख गर्दै उहाँले सामाजिक सञ्जालमा फैलिने गलत सूचना र भ्रामक सामग्रीका कारण पत्रकारितामाथि चुनौती बढेको बताउनुभयो। उहाँले अध्ययनशील र जिम्मेवार पत्रकारलाई यस्ता चुनौतीबाट विचलित नभई सत्यतथ्यमा आधारित पत्रकारिता गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले महासंघ आफ्नो इतिहासकै कठिन मोडमा रहेको बताउनुभयो। लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकार सुनिश्चित भए पनि त्यसको पूर्ण उपयोग गर्न सकिने वातावरण अझै निर्माण हुन नसकेको उहाँको भनाइ थियो।

पञ्चायती व्यवस्था, माओवादी सशस्त्र द्वन्द्वलगायत प्रतिकूल परिस्थितिमा समेत नेपाली पत्रकारिता क्षेत्रले सूचना सम्प्रेषणको जिम्मेवारी निर्वाह गरेको स्मरण गर्दै अध्यक्ष शर्माले अहिले पनि पत्रकारिता क्षेत्र विभिन्न चुनौतीसँग जुधिरहेको बताउनुभयो।

उहाँले वर्तमान सरकारले लोकतन्त्र, संविधान र अभिव्यक्ति स्वतन्त्रताको पूर्ण कार्यान्वयनप्रति आवश्यक प्रतिबद्धता नदेखाएको आरोपसमेत लगाउनुभयो। पछिल्लो समय मूलधारका सञ्चार माध्यमभन्दा सामाजिक सञ्जालका सामग्रीमा बढी विश्वास गर्ने प्रवृत्ति बढेको उल्लेख गर्दै उहाँले यसले पत्रकारितामाथि थप चुनौती सिर्जना गरेको बताउनुभयो।

साधारणसभाको उद्घाटन सत्रमा नेपाल पत्रकार महासंघ धनुषा शाखाले 'धन्य धनुषा' नामक स्मारिकाको विमोचनसमेत गरेको थियो।

महासंघ धनुषाका अध्यक्ष पुरन साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झा, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जारा, आम सञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गा, मिडिया काउन्सिलकी अध्यक्ष वन्दना झा, महासंघका केन्द्रीय पदाधिकारी तथा वरिष्ठ पत्रकारलगायतको उपस्थिति रहेको थियो।

सो अवसरमा स्वर्गीय पत्रकार उमा सिंह पत्रकारिता पुरस्कार सञ्चारकर्मी रिंकु मिश्र गायत, रामभरत साह-कनकलता उत्कृष्ट प्रतिभा पत्रकारिता पुरस्कार पत्रकार अशोक दत्त र अनिता चौधरी पत्रकारिता पुरस्कार मोहम्मद इन्तेखाब आलमलाई प्रदान गरिएको थियो। त्यस्तै, पत्रकार सपना कर्णलाई पत्रकारितासम्बन्धी उच्च शिक्षाका लागि छात्रवृत्तिसमेत प्रदान गरिएको थियो।

साधारणसभाको बन्द सत्रमा महासंघ धनुषाका सचिव बटुकनाथ झाले प्रस्तुत गर्नुभएको सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष गोविन्द महतोले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन पारित गरिएको छ।

## बर्दिबासमा लोकदोहोरीको रौनक, देशभरका कलाकारको जमघट

### रजत जयन्तीको अवसरमा पहिलोपटक मधेशमा राष्ट्रिय महाधिवेशन, नयाँ नेतृत्व चयन गरिँदै

**खबर दर्पण समाचारदाता**

**असोज २२ गते, बर्दिवास**

बर्दिबास, महोत्तरी। राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको नवौँ राष्ट्रिय महाधिवेशन तथा रजत जयन्ती समारोहले महोत्तरीको बर्दिबासलाई सांगीतिक उत्सवमय बनाएको छ। बिहीबार देखि सुरु भएको महाधिवेशनमा सहभागी हुन देशभरका लोकदोहोरी कलाकार, संगीतकर्मी, प्रतिनिधि तथा कलाप्रेमी बर्दिबासमा भेला भएका छन्।

प्रतिष्ठान स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा पहिलोपटक मधेश प्रदेशमा राष्ट्रिय महाधिवेशन आयोजना गरिएको हो। आयोजकका अनुसार महाधिवेशनमा देशका ७७ वटै जिल्लाबाट एक हजार पाँच सयभन्दा बढी प्रतिनिधि सहभागी हुँदै छन्। प्रतिनिधि, पर्यवेक्षक, शुभेच्छुक, कलाकार तथा दर्शक गरी पाँच हजार भन्दा बढीको उपस्थिति रहने अनुमान गरिएको छ।

मधेशको मौलिक कला तथा संस्कृतिलाई नेपाली लोकदोहोरीसँग जोड्दै यसको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको महाधिवेशनलाई प्रतिष्ठानको २५ वर्षे यात्राको महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। महाधिवेशनले संस्थाको विगतको समीक्षा, वर्तमान चुनौतीको पहिचान र आगामी कार्यदिशा तय गर्नुका साथै नयाँ नेतृत्वसमेत चयन गर्नेछ।



*बाँकी पृष्ठ ३ मा*

# मधेसमा विद्युत् चुहावट घट्दै

**खबर दर्पण समाचारदाता**
**असोज २२ गते, बर्दिवास**

पछिल्ला केही वर्षयता मधेस प्रदेशमा विद्युत् चुहावट निरन्तर घट्दै गएको छ। विद्युत् चुहावट नियन्त्रण अभियान, हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेका मिटर परिवर्तन तथा विद्युत् रिडिङमा सुधार लगायतका कारण चुहावट घट्दै गएको नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालयले जनाएको छ।

सो कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामा गत आव २०८२/८३ को सोही अवधिको तुलनामा विद्युत् चुहावट १ दशमलव ६१ प्रतिशतले घटेको छ।

गत आवको साउन र भदौमा २२ दशमलव ५६ प्रतिशत विद्युत् चुहावट भएकामा चालु आवको सोही अवधिमा २० दशमलव ९५ प्रतिशतमा झरेको हो। चालु आवको साउनमा २० दशमलव ०९ प्रतिशत र भदौमा २१ दशमलव ७६ प्रतिशत विद्युत् चुहावट भएको कार्यालयले जनाएको छ।

गत आवको साउनमा २५ दशमलव ६७ प्रतिशत र भदौमा २३ दशमलव ५२ प्रतिशत चुहावट भएको थियो। सबैभन्दा कम बाराको सिमरा वितरण केन्द्रमा २ दशमलव ९४ प्रतिशत चुहावट भएको छ भने सबैभन्दा बढी रौतहटको मौलापुर वितरण केन्द्रमा ४७ दशमलव ७७ प्रतिशत विद्युत् चुहावट भएको प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका प्रमुख इञ्जिनियर शम्भु कुसियैतले जानकारी दिए।

प्रमुख कुसियैतका अनुसार विद्युत् चुहावटका दृष्टिले रौतहटको मौलापुर र गौर क्षेत्र तथा सर्लाहीको मलङ्गवालगायत क्षेत्रमा समस्या बढी देखिएको छ। औद्योगिक ग्राहकको सङ्ख्या धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रमा भने विद्युत् चुहावट तुलनात्मक रूपमा कम रहेको उनले बताए।

चालु आवको पहिलो दुई महिनामा विद्युत् महसुल नतिर्ने आठ हजार ७८२ ग्राहकको लाइन काटिएको छ। लाइन काटिएकामध्ये आठ हजार २३४ ग्राहकले पुनःविद्युत् जडान गराएका छन्। उनीहरूबाट रु २० करोड नौ लाख ७७ हजार बक्यौता असुल भएको प्राधिकरणले जनाएको छ।

मिटर लिएर विद्युत् उपभोग गर्ने तर लामो समयसम्म महसुल नतिर्ने प्रवृत्ति बढेकाले लाइन काट्ने अभियान सञ्चालन गरिएको प्रमुख कुसियैतले बताए। गत आवमा ४२ हजार ६६४ ग्राहकको लाइन काट्दा रु एक अर्ब ४७ लाख बक्यौता असुल भएको थियो।

मधेस प्रदेशमा ५९ प्रतिशत औद्योगिक र ३१ प्रतिशत घरेलु ग्राहक रहेको प्राधिकरणले जनाएको छ। मधेस प्रदेशका ९९ दशमलव ९९ प्रतिशत घरधुरीमा विद्युत् सेवा पुगेको र बाँकी क्षेत्रमासमेत निरन्तर विद्युत् जडानको काम भइरहेको प्रमुख कुसियैतले बताए। मधेस प्रदेशका जिल्लामा करिब १० प्रतिशत सिँचाइको विद्युतीकरण भएको जनाएको छ।

# कांग्रेस विभाजित भएको निधिको घोषणा, 'नयाँ घर' बनाउने

**खबर दर्पण समाचारदाता**
**असोज २२ गते, बर्दिवास**



नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टी औपचारिक रूपमा विभाजित भएको घोषणा गरेका छन्।

जनकपुरमा आयोजित एक कार्यक्रममा बोल्दै निधिले विशेष महाधिवेशनले कांग्रेसलाई वैचारिक र साङ्गठनिक रूपमा दुई धारमा बाँडिदिएकाले अब 'नयाँ घर' निर्माणको दिशामा अघि बढ्नुको विकल्प नरहेको बताएका हुन्।

निधिले पार्टी विभाजनको मुख्य जिम्मेवार विशेष महाधिवेशन बोलाउने पक्ष नै रहेको आरोप लगाए। लोकतन्त्र केवल सिद्धान्त मात्र नभएर प्रक्रिया र पद्धति पनि भएको स्मरण गराउँदै उनले बहुमतका आधारमा मात्रै पार्टी नचल्ने तर्क गरे। निर्वाचन आयोगमा पेस गरिएको तथ्याङ्क अनुसार आफूहरूसँग ४६ प्रतिशतको बलियो आधार रहेको दाबी गर्दै उनले उक्त मतलाई बेवास्ता गरेर गरिएका निर्णयहरू अमान्य हुने जिकिर गरे।

विशेष महाधिवेशन र त्यसपछिका घटनाक्रमले पार्टीलाई जोड्न नसक्ने भएकाले नयाँ ढङ्गले साङ्गठनिक यात्रा तय गर्नुपर्नेमा उनले जोड दिए। 'विशेष महाधिवेशन बोलाउनेले नै पार्टी फुटाएको हो,' निधिले भने, 'हामीले सुरुदेखि नै प्रक्रियाको कुरा उठाउँदा बेवास्ता गरियो। पुराना पुस्ताका नेताहरू अझै जिम्मेवारी पूरा गर्दै हुनुहुन्छ, त्यसैले हामीले मिहिनेतका साथ नयाँ कार्यदिशा तय गर्नुपर्छ। गिरिजाबाबु र शेर बहादुरजी मिल्न तीन वर्ष लागेजस्तै परिस्थिति कहिले कस्तो हुन्छ भन्न सकिन्न। तर अहिले आफ्नो घरलाई अझ मजबुत बनाउनु र सङ्गठन निर्माण गर्नु नै हाम्रो प्राथमिकता हो।'

आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै निधिले कार्यकर्ताहरूलाई वडा तहबाटै नयाँ ऊर्जाका साथ खटिन निर्देशन दिए। युवा पुस्तालाई नेतृत्वमा ल्याउनुपर्नेमा जोड दिँदै उनले आफू वैचारिक रूपमा अझै सक्रिय रहेको र पार्टी पुनर्निर्माणका लागि प्रतिबद्ध रहेको बताए।

पञ्चायत कालको उदाहरण दिँदै सङ्गठन बलियो भए जुनसुकै अवरोध पार गर्न सकिने भएकाले निराश नहुन उनले कार्यकर्ताहरूलाई आग्रह गरे।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**सम्सी गाउँपालिका, महोत्तरी**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**


## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिबासमा लोकदोहोरीको रौनक,...............

प्रतिष्ठानका केन्द्रीय सदस्य कृष्ण गौतमका अनुसार करिब ५० हजार साधारण सदस्य आबद्ध रहेको संस्थाको महाधिवेशनमा एक हजार पाँच सयभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन्। भारत, अमेरिका, दक्षिण कोरियालगायत दर्जनभन्दा बढी देशबाट समेत सहभागी आउने भएकाले उपस्थिति थप बढ्न सक्ने उहाँले बताउनुभयो।

महाधिवेशनमा प्रतिष्ठानको २५ वर्षे यात्राको समीक्षा, संस्थागत अवस्था, स्रष्टाले भोगिरहेका समस्या तथा लोकगीत क्षेत्रका सम्भावनाबारे छलफल हुनेछ। साथै, लोक तथा दोहोरीगीत क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनका लागि आगामी रणनीतिसमेत तय गरिनेछ।

महाधिवेशनका कारण बर्दिबासमा चर्चित लोकदोहोरी कलाकारहरूको चहलपहल बढेको छ। शान्तिश्री परियार, प्रकाश सपुत, प्रीति आले र पशुपति शर्मालगायत लोकप्रिय कलाकारको उपस्थितिले यहाँको सांगीतिक वातावरण थप उत्साहपूर्ण बनेको छ। प्रतिष्ठानका उपमहासचिव शिरिष देवकोटा लगायत कलाकारसमेत बर्दिबास पुगिसक्नुभएको छ।

महाधिवेशनको प्रचारप्रसार, पोस्टर तथा पर्चा वितरण, मञ्च सजावट र उद्घाटन समारोहको तयारीले बर्दिबासमा उत्सवको माहोल सिर्जना गरेको छ। महाधिवेशनलाई ऐतिहासिक, जीवन्त र सन्देशमूलक बनाउन तयारी तीव्र पारिएको सहआयोजक राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, मधेश प्रदेशका अध्यक्ष रुद्रसेन विश्वकर्माले बताउनुभयो।

"२५ वर्षे रजत जयन्तीको अवसरमा मधेश प्रदेशमा आयोजना हुन लागेको यो राष्ट्रिय महाधिवेशन संस्थागत कार्यक्रममा मात्र सीमित छैन। यो मधेशको कला, संस्कृति र पर्यटन प्रवर्द्धन गर्ने अवसर पनि हो," उहाँले भन्नुभयो।

स्थानीय व्यवस्थापनको जिम्मेवारी सम्हालिरहेको राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, महोत्तरीका सचिव रमेश खत्रीका अनुसार महाधिवेशन सञ्चालनदेखि अतिथि सत्कार सम्मका काम व्यवस्थित बनाउन २० वटा उपसमिति गठन गरिएको छ। सहभागी प्रतिनिधि, कलाकार, अतिथि तथा दर्शकलाई सहज वातावरण उपलब्ध गराउन उपसमितिहरूलाई छुट्टाछुट्टै जिम्मेवारी दिइएको उहाँले जानकारी दिनुभयो।




रजत जयन्तीको अवसरमा राष्ट्रिय महाधिवेशन मधेशमा आयोजना हुनु यहाँका कलाप्रेमीका लागि गर्वको विषय भएको खत्रीको भनाइ छ।

महाधिवेशनले बर्दिबासको होटल, पर्यटन तथा व्यापार व्यवसायमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेश प्रदेशका अध्यक्ष हिरा गौतमले देशभरबाट कलाकार, प्रतिनिधि र दर्शकको आगमनले स्थानीय होटल तथा पर्यटन व्यवसायमा चहलपहल बढ्ने विश्वास व्यक्त गर्नुभयो। चर्चित कलाकारहरूको सहभागिता र सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट महाधिवेशनका गतिविधि देशविदेशसम्म पुग्ने भएकाले बर्दिबाससहित समग्र मधेशको पहिचान र पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको भनाइ छ।

बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपक कार्कीले लोकलय नेपाली समाजको ढुकढुकी भएको बताउँदै महाधिवेशनले स्थानीय व्यापार व्यवसायलाई चलायमान बनाउने विश्वास व्यक्त गर्नुभयो। देशविदेशबाट आउने कलाकार, प्रतिनिधि तथा दर्शकको उपस्थितिले स्थानीय व्यवसायमा प्रत्यक्ष लाभ पुग्नुका साथै मधेशको बहुआयामिक सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन मद्दत पुग्ने उहाँले बताउनुभयो।

लोकसंगीतको संरक्षण, स्रष्टाको सम्मान र सांस्कृतिक विविधताको प्रवर्द्धनलाई केन्द्रमा राखिएको महाधिवेशनले बर्दिबासलाई सांगीतिक गतिविधिको केन्द्र बनाउनुका साथै मधेशको कला, संस्कृति र पर्यटनलाई राष्ट्रिय मञ्चमा चिनाउने अपेक्षा गरिएको छ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मटिहानी नगरपालिका, महोत्तरी**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**औरही नगरपालिका, महोत्तरी**

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

**सुचना सुचना सुचना**

**समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं । सभ्य नागरिकको परिचय दिऔं ।**

**यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी**

## डेंगुबाट कसरी बच्ने?

- बाहुला भएको/शरीर ढाकिने लुगा लगाउने
- दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने।
- साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने।
- लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।
- घरका झ्याल ढोकामा जाली लगाउने।

## डेंगुको उपचार के ?



डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन।

- डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन।
- डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न।
- एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ।

**जलेश्वर नगरपालिका, महोत्तरी**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# ग्रामीण महिला किसानको सशक्तीकरणसँगै सम्मान र नेतृत्व बढाउन जोड

खबर दर्पण समाचारदाता
**असोज २२ गते, बर्दिबास**

मधेश प्रदेशमा ग्रामीण महिला किसानको आर्थिक सशक्तीकरण सँगै नेतृत्व विकास, जलवायु उत्थानशील कृषि र लैङ्गिक उत्तरदायी शासनलाई प्रदेश तथा स्थानीय तहका नीति, योजना र बजेटमा प्राथमिकताका साथ समेट्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेशको आयोजनामा बिहीबार जनकपुरधाममा आयोजित 'महिला नेतृत्व, जलवायु उत्थानशीलता र लैङ्गिक उत्तरदायी शासनमार्फत कृषि–खाद्य प्रणाली रूपान्तरण' विषयक प्रादेशिक नीति संवादमा सहभागीहरूले यस्तो धारणा राखेका हुन् ।

कार्यक्रममा खेलकुद तथा समाज कल्याणमन्त्री लखन दास तत्माले ग्रामीण महिलालाई कृषि क्षेत्रका लाभग्राहीका रूपमा मात्र नभई किसान, उद्यमी, नेतृत्वकर्ता तथा परिवर्तनका संवाहकका रूपमा स्थापित गर्नुपर्ने बताए ।

उनले महिला किसानको भूमि, कृषि प्रविधि, वित्तीय सेवा, बजार तथा निर्णय प्रक्रियामा पहुँच बढाउन आवश्यक रहेको उल्लेख गर्दै महिलामाथिको अवैतनिक हेरचाहसम्बन्धी कामको बोझ घटाउन पनि राज्यले विशेष ध्यान दिनुपर्ने बताए ।




मन्त्री तत्माले प्रदेश सरकारले उद्यम कोष विकास गर्ने तथा किसान परिचयपत्र वितरण गर्ने तयारी गरिरहेको जानकारी दिँदै किसानको आर्थिक अवस्था सुधारसँगै उनीहरूको सामाजिक सम्मान बढाउनेतर्फ सरकार प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा UN Women नेपालकी प्रतिनिधिले महिला किसानको आर्थिक सशक्तीकरणका लागि उत्पादनशील स्रोत, वित्तीय सेवा, हेरचाहसम्बन्धी पूर्वाधार तथा सेवामा पहुँच र महिला नेतृत्व तथा सहभागितालाई प्राथमिकता दिनुपर्ने धारणा राखिन् ।

महिलाको भूमि, कृषि सामग्री, प्रविधि, ऋण, वित्तीय सेवा तथा बजारमा पहुँच विस्तार गर्न सके कृषि र उद्यमबाट उनीहरूको आम्दानी वृद्धि गर्न सकिने उनको भनाइ थियो ।

JP RWEE कार्यक्रमअन्तर्गत मधेश प्रदेशका सिरहा र सप्तरीका पाँच स्थानीय तहमा महिला किसानसँग सम्बन्धित कार्यक्रम सञ्चालन भइरहेको छ ।

कार्यक्रममा हालसम्म ५ हजार ७ सयभन्दा बढी व्यक्ति सहभागी भएका छन् भने २०० महिला किसान समूहलाई कृषि सामग्री, उद्यमशीलता, वित्तीय साक्षरता र नेतृत्व विकासमा सहयोग गरिएको जनाइएको छ ।

कार्यक्रमका अनुसार घरपरिवारको खाद्य असुरक्षा १३ प्रतिशतले घटेको, औसत वार्षिक कृषि आम्दानी ६३ प्रतिशतले वृद्धि भएको र गैरकृषि आम्दानी १४ प्रतिशतले बढेको छ ।

त्यस्तै, ८१ प्रतिशत महिलाको जलवायु स्मार्ट कृषि सामग्रीमा पहुँच पुगेको तथा ४५ प्रतिशत महिलाले नयाँ व्यवसाय सुरु वा व्यवसाय विस्तार गरेका छन् ।

नीति संवादका क्रममा रोशन चिरागको स्क्रिप्ट तथा सुनील मल्लिकको संगीतमा मिथिला नाट्यकला परिषद्का कलाकारहरूले 'नारी, माटो तथा उद्यमशीलता' विषयक गीतिनाटकसमेत प्रस्तुत गरेका थिए ।

सांस्कृतिक प्रस्तुतिमार्फत महिला, कृषि, माटो र उद्यमशीलताबीचको सम्बन्धलाई उजागर गरिएको थियो ।

संवादबाट महिला किसानको नेतृत्व विकास, जलवायु स्मार्ट कृषि, बजार पहुँच, श्रम बचत गर्ने प्रविधि तथा हेरचाहमैत्री सेवामा लगानी बढाउँदै सफल अभ्यासलाई प्रदेश तथा स्थानीय सरकारका नीति, बजेट र कार्यक्रममा समेट्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।



# जनकपुरधाममा चक्कु प्रहारबाट एक युवकको मृत्यु, एक गम्भीर घाइते

खबर दर्पण समाचारदाता
**असोज २२ गते, धनुषा**

धनुषाको जनकपुरधाम उपमहानगरपालिका–५ रहिमपथ नजिकै चक्कु प्रहारबाट एक युवकको मृत्यु भएको छ भने अर्को एक जना गम्भीर घाइते भएका छन् ।



बिहीबार साँझ करिब ७ बजेर १० मिनेटमा जनकपुरधाम–५ सोनारपट्टी दाहा चोकका २४ वर्षीय आमिन साफी र २५ वर्षीय ईम्तियाज राइनमाथि धारिलो हतियार चक्कु प्रहार भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीका अनुसार दुवै जनाको छाती तथा पेटमा चक्कु प्रहार गरिएको थियो ।

घटनाको जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेर घाइते दुवै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुर्‍याएको थियो ।

अस्पतालमा चिकित्सकले साँझ ७ बजेर १५ मिनेटमा जाँच गर्दा आमिन साफीलाई मृत घोषणा गरेका थिए । उनको शव अस्पतालको शवगृहमा राखिएको प्रहरीले जनाएको छ ।

चक्कु प्रहारबाट गम्भीर घाइते भएका ईम्तियाज राइनको अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीले घटनामा संलग्न रहेको आरोपमा जनकपुरधाम–५ कै करिब २२ वर्षीय 'गुण्डा' भनिने मोहम्मद ईर्साद खानलाई नियन्त्रणमा लिएको छ ।

प्रारम्भिक अनुसन्धानका क्रममा पुरानो रिसइबीका कारण घटना भएको खुलेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले घटनाबारे थप अनुसन्धान भइरहेको बताउँदै घटनामा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

डीएसपी खनालका अनुसार घटनाको वास्तविक कारण तथा घटनाको सम्पूर्ण पृष्ठभूमिबारे थप अनुसन्धान भइरहेको छ ।

# सर्पदंशका बिरामीको मृत्युपछि जनकपुर अस्पतालका निर्देशक मन्त्रालय तानिए

खबर दर्पण समाचारदाता
**असोज २२ गते, बर्दिबास**

जनकपुरधाम। आईसीयू अभावमा सर्पदंशका बिरामीको उपचारका क्रममा मृत्यु भएको घटनापछि प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुनप्रसाद सिंह मन्त्रालय तानिएका छन्। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालित प्रादेशिक अस्पतालका निर्देशक डा. सिंहलाई मधेश प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा कामकाज गर्ने गरी सरुवा गरिएको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अधिकृतस्तर दशौं तहका वरिष्ठ कन्सल्टेन्ट पेडियाट्रिसियन डा. सिंहलाई मन्त्रालयमा सरुवा गरेको जनाएको छ। उनको स्थानमा मन्त्रालयमा कार्यरत दशौं तहका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट (प्रमेसु) डा. इन्द्रजीतकुमार रजकलाई अस्पतालमा काज सरुवा गरिएको छ।

गत असोज १३ गते राति सर्पले टोकेपछि जनकपुरधाम उपमहानगरपालिका–१४, मुजेलियाका २५ वर्षीय महेश यादव आफैं स्कुटर चलाएर उपचारका लागि प्रादेशिक अस्पताल पुगेका थिए। अस्पतालमा उनलाई १० भायल एन्टिस्नेक भेनम (सर्पदंशविरुद्धको औषधि) दिएर उपचार गरिएको थियो।

उपचारका क्रममा उनको स्वास्थ्य अवस्था थप जटिल बनेपछि आईसीयूमा राखेर उपचार गर्नुपर्ने भएको थियो। तर, अस्पतालमा आईसीयू शय्या खाली नभएको भन्दै उनलाई अन्यत्र रेफर गरिएको थियो।

प्रादेशिक अस्पतालबाट रेफर गरिएपछि यादवलाई उपचारका लागि अन्य दुई अस्पतालमा लगिएको थियो। तर, त्यहाँ पनि उपचार सम्भव नभएपछि उनलाई सर्पदंश उपचार केन्द्र बर्दिबास पुर्‍याइएको थियो। त्यहाँ पुगेपछि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

आईसीयू अभावका कारण बिरामीले समयमै उपचार पाउन नसकेको र अन्ततः ज्यान गुमाउनुपरेको घटनापछि प्रादेशिक अस्पतालको सेवा प्रवाह र व्यवस्थापकीय क्षमतामाथि प्रश्न उठेको छ। घटनालाई लिएर अस्पतालको चौतर्फी आलोचना भइरहेको छ।




सर्पदंशजस्तो संवेदनशील अवस्थामा तत्काल उपचार र आवश्यक सघन उपचार सेवा उपलब्ध हुनुपर्ने भए पनि आईसीयू अभावका कारण बिरामीलाई अन्यत्र पठाउनुपरेको घटनाले प्रदेशको स्वास्थ्य सेवा व्यवस्थापनमाथि गम्भीर प्रश्न खडा गरेको छ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,